नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र,
टेकु, काठमाडौं

# ३२ औं विश्व एड्स दिवस २०७६ (डिसेम्बर १, २०१९)

## प्रेस विज्ञप्ति

**काठमाडौं, २०७६ मंसिर १४ गतेः** आधुनिक मानव इतिहासमा छोटो अवधिमा नै अत्यन्त तीव्ररत रुपले फैलिएर विश्वव्यापी महामारीको रुप लिएको एचआईभी तथा एड्स विगत तीन दशकदेखि निरन्तर जनस्वास्थ्य, सामाजिक तथा आर्थिक लगायतका क्षेत्रहरुको निम्ति चुनौतीको रुपमा रहेको छ । सन् २०१८ को अन्त्य सम्म संसारभर ३ करोड ७९ लाख व्यक्तिहरूमा एचआईभी संक्रमण भएको अनुमान गरिएको छ भने **नेपालमा २९ हजार ९४४ जनामा एचआईभी संक्रमण भएको अनुमान छ** । ती मध्ये पुरुषको संख्या १७ हजार ७३२ र महिलाको संख्या १२ हजार २१२ रहेको छ । **नेपालका वयस्क (१५-४९ वर्षको उमेर समुह) जनसंख्यामा एचआईभीको व्याप्तता दर ०.१४ प्रतिशत रहेको छ** । नेपालमा करिब **७६ प्रतिशत एचआईभी संक्रमण** असुरक्षित यौनसम्पर्कको माध्यमबाट सरेको पाइएको छ । नेपालको वर्तमान एचआईभीको अवस्थालाई केन्द्रीकृत महामारी (Concentrated epidemic) को रुपमा परिभाषित गरिन्छ । यसको अर्थ, **एक वा सो भन्दा बढी एचआईभी सर्नसक्ने जोखिममा रहेका समूहमा** एचआईभी संक्रमण दर ५ प्रतिशत भन्दा बढी तर सामान्य जनसंख्यामा एचआईभी संक्रमण दर १ प्रतिशत भन्दा कम हुनु हो । नेपालमा एचआईभी संक्रमणको उच्च जोखिममा रहेका समुहहरु जस्तैः सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मी, पुरुष समलिगीं तथा तेस्रोलिगीहरु, रोजगारीका लागि विदेशिनेहरु र जेलका कैदीहरु हुन् । **यी मध्ये सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरु र पुरुष समलिंगी यौनकर्मीहरुमा एचआईभी संक्रमणको दर अरु जोखिममा रहेका समूह भन्दा उच्च छ ।**

सन् २०१० देखि सन् २०१८ सम्ममा विश्वव्यापी १६ प्रतिशतले नयाँ संक्रमण घटेको छ भने ४१ प्रतिशतले बच्चाहरुमा हुने संक्रमण कम भएको छ । यसैगरी, सन् २००४ (सबैभन्दा धेरै एड्स सम्बन्धी मृत्यू भएको बर्ष) देखि सन् २०१८ सम्ममा एड्सको कारणले मृत्यु ५६ प्रतिशतले घटेको छ । सन् २०१८ सम्ममा कुल एचआईभी संक्रमित मध्ये ६२ प्रतिशत (२ करोड ३३ लाख) मात्र एआरभी उपचारमा छन् । यसै गरी सन् २०१० को तुलनामा सन् २०१८ सम्ममा नेपालमा ५८ प्रतिशतले नयाँ संक्रमण घटेको छ भने ७१ प्रतिशतले बच्चाहरुमा हुने नयाँ संक्रमणमा कमी आएको छ । यसैगरी एड्सको कारणले मृत्यू हुने संख्या ३८ प्रतिशतले (२०१०-२०१८) घटेको छ । सन् २०१९ जुलाई सम्ममा नेपालको कुल एचआईभी संक्रमित मध्ये ६० प्रतिशत (१७ हजार ९८७) मात्र एआरभी उपचारमा छन् । सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यका साथ एचआईभी तथा एड्स सम्बन्धि कार्यक्रमहरु संचालन भइरहेका छन् । **नेपालमा एचआईभी तथा एड्स सम्बन्धि कियाकलापहरु राष्ट्रिय एचआईभी रणनीतिक योजना २०१६-२०२१ ले निर्देश गरे अनुरुप संचालित छन् ।**

### विश्व एड्स दिवस

एचआईभी र एड्स सम्बन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि विश्वव्यापी ध्यानाकर्षण गर्दै बृहत्त रूपमा जनचेतना जगाउने र भावी कार्यक्रमको लागि बहुपक्षीय संलग्नता र सहभागिता बढाउने अभिप्रायले सन् १९८८ देखि हरेक वर्ष डिसेम्बर १ तारिखका दिन विश्व एड्स दिवस मनाइने गरिन्छ । एड्स विरुद्ध विश्व अभियान कार्यक्रममा ऐक्यबद्धता जनाउनको लागि विश्वभरका सबै सरकारी, गैरसरकारी तथा निजी संघ संस्थाहरू, नागरिक समाज, संचार माध्यम लगायत सबै क्षेत्र र वर्गका व्यक्तिहरू एकजुट भई यो दिवस मनाउने गरिन्छ ।

### विश्व एड्स दिवस २०१९

एचआईभी संक्रमणदरलाई अझै घटाउँदै लैजाने र एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यमा समुदायको भुमिकालाई पहिचान गरी उनीहरुको भुमिका अझ प्रभावकारी बनाई एचआईभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सम्बन्धी कार्यक्रमलाई तिब्रता दिनका लागि एड्स विरुद्ध विश्व अभियान अन्तर्गत **"एच. आई. भी. को नियन्त्रणमा समुदायको प्रभावकारी भुमिका"(Communities Make the Difference)"** मूल नाराका साथ यस वर्षको विश्व एड्स दिवस मनाईदैछ । यो मूल विषय तथा नाराले समुदायको नेतृत्व र पैरवी लाई अझ सघन रुपमा अगाडी बढाउन सकेमा एचआईभी कार्यक्रमलाई थप प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरा लाई प्राथमिकता दिईएकोछ । समुदाय भन्नाले साथी शिक्षक,संक्रमितहरुको संजाल, र एच.आई.भी.को उच्च जोखिम रहेका जस्तै पुरुष समलिङ्गी, सुईद्वारा लागुऔषध प्रयोगकर्ता र यौनकर्मी, महिला तथा वयस्कहरु, परामर्शकर्ता, समुदाय स्वास्थ्य कार्यकर्ता महिला स्वयमसेविका, नागरिक समाज र सामाजिक परिचालकहरु भन्ने बुझिन्छ । यसले सन् २०२० सम्मको लागि ९०:९०:९० [अर्थात ९० प्रतिशत एचआईभी

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र,
टेकु, काठमाडौं

संक्रमितहरुले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, ती मध्ये ९० प्रतिशतको औषधी उपचारमा पहुँच हुने र ती औषधी खानेहरु मध्ये ९० प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून भएको हुने] लक्ष्यलाई प्राप्त गर्न टेवा मिल्नेछ । यस लक्ष्यलाई हासिल गर्नका लागि सरकारी, गैरसकारी र निजी संघ संस्थाहरू, दातृ निकायहरू, संचार माध्यम, नागरिक समाज, समुदाय, घरपरिवार तथा व्यक्तिहरूलाई एकजुट भई सक्रिय रूपमा कार्यरत रहन आह्वान गरेको छ । एच. आई. भी. कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि यस केन्द्रले प्रदेश सरकार र स्थानिय सरकारसँग सहकार्य, सहयोग र समन्वय गर्दै आईरहेकोछ ।

**अन्त्यमा**

विश्वमा एचआईभी पत्ता लागेको ३८ वर्ष पुगिसकेको छ भने विश्व एड्स दिवस मनाउन थालेको ३१ वर्ष भइसकेको छ । नेपाल लगायत विश्वब्यापीरूपमा नै एचआईभीको नयाँ संक्रमण घट्दै गइरहेको छ भने हेरचाह र सहयोग लगायत एआरभी औषधि उपचारमा समेत पहुँच बढ्दै गएर एड्सको कारणबाट हुने मृत्युमा पनि कमी आएको छ । यी सबै उल्लेखनीय सफलता हासिल हुनुको पछाडि सरकारी, गैरसकारी र निजी संघसंस्थाहरू, दातृ निकायहरू, संचार माध्यम, नागरिक समाज, समुदाय, घरपरिवार तथा व्यक्तिहरूका, उल्लेखनीय र अतुलनीय योगदान रहेको छ । एचआईभी र एड्स सम्बन्धी लाञ्छना तथा भेदभावमा अझै कमि ल्याउन सके मात्र सन् २०३० को अन्त्य सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने र दिगो विकास लक्ष्यलाई हासिल गर्न सकिन्छ । साथ साथै एचआईभीको अवस्था थाहा नपाएकाहरुलाई सर्वसुलभ रुपमा एचआईभीको परामर्श र परीक्षण गर्ने, संक्रमितहरु पत्ता लगाउने, सबै संक्रमितहरुलाई बेलैमा उपचार/हेरचाह र स्याहार सेवा अत्यावश्यक छ । एड्सको महामारीलाई अन्त्य गर्नका लागि हामी सबैको प्रतिबद्धता, प्रयास र लगानीलाई अझ रणनीतिक, सशक्त, सुदृढ र तीब्र बनाउन जरूरी छ र यसका लागि राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द हार्दिक आह्वान गर्दछ ।

हाल सम्मको एचआईभी कार्यक्रमको उपलब्धिको लागि निम्न वेवलिंकमा हेर्नुहोला : https://www.ncasc.gov.np/WAD2019/

**एचआईभी र एड्स सम्बन्धी थप जानकारीको लागि सम्पर्क राख्नुहोस् :**
राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु www.ncasc.gov.np

............................
डा. अनुज भट्टचन
निर्देशक